दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २३३ | बुटवल | २०८२ भदौं ०२ गते, सोमबार | नेपाल संवत ११४५ | Monday August 18, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**सूचना हाम्रो अधिकार: सुशासन र विकासको आधार**

- सार्वजनिक निकायमा भएका सूचना माग्ने र पाउने हक प्रत्येक नागरिकलाई हुनेछ,
- सूचना माग भएमा उपलब्ध गराउने दायित्व प्रत्येक निकायका पदाधिकारीको हुनेछ,
- मागेको सूचना तोकिएको अवधिमा नपाएमा राष्ट्रिय सूचना आयोगमा उजुरी गर्न सकिनेछ,
- नागरिकको सूचना माग्ने, पाउने हकको संरक्षण र प्रवर्द्धन गरौं ।

**राष्ट्रिय सूचना दिवस २०८२ भाद्र ३ गते भव्य रुपमा मनाऔं ।**

नेपाल सरकार विज्ञापन बोर्ड


## भैरहवा भन्सारमा दश महिनापछि लक्ष्यको १०२ प्रतिशत राजस्व उठ्यो




**मोहम्मद हबिब**

*भैरहवा*

मुलुककै दोस्रो ठूलो र लुम्बिनी प्रदेशको पहिलो भन्सार नाका भैरहवा भन्सार कार्यालयले यो आर्थिक वर्षको पहिलो महिनामा लक्ष्यभन्दा २ प्रतिशत बढी राजस्व संकलन गरेको छ । ४ वर्षदेखि वार्षिक लक्ष्य पार गर्न नसकेको भैरहवा भन्सारले भने २०८२-८३ को पहिलो महिनामा पाएको ८ अर्ब ८४ करोड ८५ लाख लक्ष्यमा ९ अर्ब २ करोड ७२ लाख अर्थात् १ सय २ प्रतिशत राजस्व संकलन गरेको हो ।

वर्षेनी बढ्दो लक्ष्य र केही नीतिगत कारणले ४ वर्षको अवधिमा एक महिनामा मात्रै राजस्व संकलन लक्ष्य पार भएको थियो । २०७८ पुस ५ गतेबाट लागु भएको अनिवार्य प्रतित पत्र (एल.सी.) खोलेर शतप्रतिशत र दुई वटा शीर्षकमा ५० प्रतिशत नगद मार्जिन राख्नु पर्ने व्यवस्था गरेसँगै आयातमा कमि हुँदै आएकोमा २०८१ को असोज महिनापछि अहिले २०८२ साउनमा कार्यालयले विभागबाट पाएको लक्ष्य पार भएको भैरहवा भन्सार कार्यालयका प्रमुख रामप्रसाद रेग्मीले बताए ।

रेग्मीका अनुसार सरदर अहिले ८४ प्रतिशत राजस्व असुली भइरहँदा पहिलो महिनामा लक्ष्य पार भएको छ । गत वर्ष यो महिनामा ७ अर्ब ३२ करोड ८१ लाख राजस्व संकलन भएको मा त्यसको २३ प्रतिशत बढी राजस्व संकलन भएको छ ।

राजस्व लक्ष्य योगदान गर्नेमा सबैभन्दा बढी मोटरसाइकल, स्पोन्ज र फेरस आइरन, अलकत्रा, फ्रिज, मोटरसाइकलको टायर, तयारी कपडा, स्टील वायर, सुती कपडा, कंक्रिट मिश्रण, साबुन बाहेकका अन्य सफा गर्ने सामग्री, एम एस विलेटलगायतका बस्तु पैठारी भएको छन् ।

कार्यालयलाई भन्सार विभागले आर्थिक वर्ष २०८१/८२ का लागि एक खर्ब ९ अर्ब ३३ करोड २२ लाख ५२ हजार राजस्व संकलन लक्ष्य दिएकोमा ९५ अर्ब १९ करोड ३८ लाख ९९ हजार रुपैयाँ अर्थात् ८७ दशमलव ०७ प्रतिशत राजस्व संकलन गरेको थियो । राजस्व लक्ष्य पुरा नभए पनि अघिल्लो वर्षभन्दा १४ अर्ब ३५ करोड अर्थात १७ दशमलव ७५ प्रतिशत बढी राजस्व संकलन गरेको छ ।

कार्यालयका अनुसार आर्थिक वर्ष २०७७/७८ मा लक्ष्(यभन्दा १३ प्रतिशत बढी राजस्व संकलन भए पनि त्यसयता यो अनुपात घट्दै गएको थियो । आर्थिक वर्ष २०७८/०७९ मा लक्ष्यको ९१ प्रतिशत, २०७९/८० लक्ष्यको ४९ प्रतिशत, आर्थिक वर्ष २०८०/०८१ मा लक्ष्यको ६३ प्रतिशत, आर्थिक वर्ष २०८१/०८२ मा लक्ष्यको ८७ प्रतिशत मात्रै राजस्व संकलन भएको भन्सार कार्यालयका प्रमुख रेग्मीले बताए । राजस्व संकलनमा योगदान दिने मुख्य वस्तुको आयात नै खुम्चिँदा पछिल्ला आर्थिक वर्षमा लक्ष्यअनुसार राजस्व संलकन गर्न नसकेको भन्सार प्रमुखको भनाइ छ ।

भैरहवा भन्सार कार्यालयका सूचना अधिकारी नरेन्द्रप्रसाद चौधरीका अनुसार कार्यालयले २०७८ मंसिरसम्म लक्ष्यअनुरुप सफलता हासिल गर्दै गए पनि पुस ५ गतेबाट लागू भएको प्रावधानले आयातमा कमी हुँदै आएको थियो ।

मधेश आन्दोलन र नाकाबन्दीका बेला सहज मानिएको यो भन्सार नाका राज्यको लागि ठूलो योगदान गरेको थियो । विस्तारै अन्य नाका सहज हुँदा सामानहरु पनि डाइभर्ट भएको छ । यहाँबाट लक्ष्य पार नहुनुको मुख्य कारण नै बाटोको समस्या रहेको भन्सारको बुझाइछ । पुल भाँचिदा र सडक निर्माणको कार्यले गर्दा पनि केही अवरोध भएको हो । राजस्वमा मुख्य योगदान दिने बस्तु आयत घट्दा राजस्व लक्ष्य प्रभावित हुने गरेको छ ।

भन्सार विभागले आर्थिक वर्ष २०८२-०८३ मा भने १ खर्ब १३ अर्ब ६६ करोड ६८ लाख १९ हजारको लक्ष्य तोकेको छ । वार्षिक लक्ष्यको आधारमा अहिलेको संकलनले ७ दशमलव ९५ प्रतिशत योगदान गरेको छ । २०८१ असोज मा ८ अर्ब ७८ करोड १६ लाख लक्ष्यमा ८ अर्ब ८१ करोड ५१ लाख अर्थात १ सय दशमलव ३९ प्रतिशत राजस्व संकलन गरेको थियो, त्यसपछि अहिले लक्ष्य पार भएको छ ।

## पौडी खेल्ने क्रममा डुबेर बालकको मृत्यु



कञ्चन । रुपन्देहीमा खोलामा पौडी खेल्न गएका एक बालकको डुबेर मृत्यु भएको छ । जिल्लाको कञ्चन खोलामा साथीसँग पौडी खेल्न गएका रुपन्देहीको कञ्चन ४ अस्नैयाका ६ वर्षीय शिशिर हिताङ्गको मृत्यु भएको हो । इलाका प्रहरी कार्यालय रुद्रपुरका प्रहरी निरीक्षक अनिस खड्काका अनुसार आइतबार दिउँसो करिब ३:३० बजेको समयमा साथीहरुसँगै पौडी खेल्नेक्रममा एक्कासी डुबेपछि उद्धार गरी कपिलवस्तु स्थित पिपरा अस्पताल पुराए पनि अस्पतालले मृत घोषणा गरेको थियो ।

मृतक बालकको शव पोष्टमार्टमका लागि पिपरा अस्पतालमै राखिएको छ ।

## औचित्यहीन सरकारी संस्थाबारे योजना ल्याउन शासकीय सुधार आयोगलाई निर्देशन



बुटवल । औचित्य नदेखिएका सरकारी संस्था खारेजी, गाभ्ने वा प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्ने योजना १५ दिनभित्र ल्याउन प्रधानमन्त्री केपी शर्मा ओलीले उच्चस्तरीय शासकीय सुधार आयोगलाई निर्देशन दिएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिरिषद्को कार्यालयमा आइतबार बसेको दोस्रो बैठकमा यसअघिका विभिन्न आयोग-कार्यदलले दिएका सुझाव प्रतिवेदनका आधारमा खारेजी, गाभ्ने र हस्तान्तरण हुन सिफारिस भएका सरकारी निकायबारे विस्तृत अध्ययन गरी ठोस प्रस्ताव ल्याउन आयोगको कार्यान्वयन समितिलाई भनेका हुन् ।

आयोगमा नेपाल सरकारका मुख्यसचिव एकनारायण अर्यालको संयोजकत्वमा कार्यान्वयन समिति छ ।

सार्वजनिक सेवालाई सरल, पहुँचयोग्य, मितव्ययी र झञ्झटरहित बनाउन गत बैशाख ८ गतेको मन्त्रिपरिषद्को बैठकबाट प्रधानमन्त्री ओलीको अध्यक्षतामा गठित आयोगको पहिलो बैठक गत असार ४ गते बसेको थियो ।

आयोगमा उप-प्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, गृहमन्त्री रमेश लेखक, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसिया, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेलगायत पदेन सदस्य रहेका छन् ।

आयोगमा राजनीतिक दलमध्येबाट नेपाली कांग्रेसका उप-सभापति पूर्णबहादुर खड्का र नेकपा (एमाले) का उपाध्यक्ष रामबहादुर थापा तथा विज्ञमध्येबाट तीन सदस्य थप भएपछिको यो पहिलो बैठक हो ।

बैठकमा कार्यविस्तृतीकरण परिमार्जन सिफारिस समितिको सुझावबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहको कार्यविस्तृतीकरण परिमार्जनको प्रस्ताव राष्ट्रिय समन्वय परिषद्बाट स्वीकृत गरी मन्त्रिपरिषद्मा पेस गर्ने विषयमा पनि जानकारी गराइएको थियो ।

आयोगले सेवा प्रदायक निकायहरूको भौतिक तथा मानवीय संरचना, कार्यविधि र प्रविधि सेवामैत्री बनाउने, निर्णय प्रकृयालाई छिटो, छरितो, नतिजामूलक र सरल बनाउने, कार्यसम्पादनमा ढिलासुस्ती र दोहोरोपन हटाउन तहगत र निकायगत अन्तर-समन्वय सुनिश्चित गने कार्यक्षेत्र पाएको छ ।

यस्तै तीन तहका सरकारबिचको सहकार्य र समन्वय सुदृढ बना(उने, सङ्घीयताअनुकूल हुने गरी विद्यमान प्रशासनिक संरचना, कार्यप्रक्रिया र कानूनमा सुधार गर्ने, सुशासनसम्बन्धी ऐन र कानुनमा सुधारका विषय पहिचान गर्ने, निजामती सेवालाई सक्षम, उच्च मनोबलयुक्त र उत्तरदायी बनाउने कार्यक्षेत्र आयोगमा रहेको छ ।

## जंगली च्याउ खाँदा एकको मृत्यु

रोल्पा । रोल्पामा जंगली च्याउ खाँदा श्रीमतीको मृत्यु भएको छ भने श्रीमान गम्भीर बिरामी परेका छन् ।

मृत्यु हुनेमा रोल्पाको परिवर्तन गाउँपालिका-२ राङसीकी ७४ वर्षीया नर्मला वली रहेकी छन् ।

२७ साउनमा जंगलबाट ल्याएको च्याउको तरकारी खाँदा वली र उनका श्रीमान ८१ वर्षीय भागीराम वली बिरामी भएका थिए ।

स्थानीय मेडिकलमा उपचारपछि दुवै जनालाई २९ साउनमा थप उपचारका लागि दाङको राप्ती स्वाथ्य विज्ञान प्रतिष्ठान घोराही ल्याइएको थियो ।

उपचारको क्रममा वलीको मृत्यु भएको अस्पताललाई उद्धृत गर्दै रोल्पा प्रहरीले जनाएको छ ।

भागीराम वलीको अवस्था गम्भीर रहेको र उनको सोही अस्पतालमा उपचार जारी रहेको रोल्पाका प्रहरी निरीक्षक रोहितकुमार शाहीले जानकारी दिए ।

## लुम्बिनीमा सवारी कर जरिवानामा भारी छुट



बुटवल । लुम्बिनी प्रदेशमा समयसीमाभित्र कर नबुझाएका सवारी धनीलाई जरिवानामा ७५ प्रतिशत छुट दिने निर्णय भएको छ । लुम्बिनी प्रदेश उद्योग, पर्यटन यातायात मन्त्रालयले सवारी साधनको कर नबुझाएका र नवीकरण समेत नगरेका सवारी धनीलाई कुल जरिवाना रकममा ७५ प्रतिशत छुटको व्यवस्था गरेको हो ।

जरिवाना छुटको व्यवस्था आगामी पुस मसान्तसम्म लागु हुने उद्योग, पर्यटन तथा यातायात मन्त्री प्रचण्डविक्रम न्यौपानेले जानकारी दिए ।

विभिन्न कारणले सवारी साधनको वार्षिक कर बुझाउन नसकेका र नवीकरण नगरेका सेवाग्राहीलाई सहुलियत दिने उद्देश्यले २० प्रतिशतदेखि सय प्रतिशतसम्म जरिवाना तिर्नुपर्ने सबै सवारीधनीको हकमा छुटको व्यवस्था गरिएको मन्त्री न्यौपानेले बताए ।

मन्त्रालयका अनुसार बर्सेनी कर नबुझाएमा २० प्रतिशतका दरले जरिवाना थपिँदै जान्छ । अब सरकारको यो सुविधाअन्तर्गत वार्षिक कर नबुझाएको अवधि(धका आधारमा उक्त अवधिमा हुन आउने वार्षिक करको जरिवानामा ७५ प्रतिशत छुट हुनेछ ।

यो सुविधाले लुम्बिनी प्रदेशका यातायात व्यवसायीहरूलाई पनि ठूलो राहत मिलेको नेपाल यात(ायात व्यवसायी राष्ट्रिय महासंघका सल्लाहकार सुरेश हमालले बताए । यो सहुलियतले वार्षिक कर नबुझाएका यातायात व्यवसायीहरूलाई करको दायरामा पनि ल्याउने उनको भनाइ छ ।

लुम्बिनी प्रदेशमा वार्षिक कर नबुझाएकामध्ये ९५ प्रतिशत व्यवसायीहरूले यो छुटको उपभोग गर्दै कर बुझाउने दाबी गरे । यसले राज्यलाई एकमुष्ट राजस्व संकलन हुने समेत उनको भनाइ छ

लुम्बिनी प्रदेशले लागू गरेको यो व्यवस्था सबै प्रदेशमा लागु गर्न सके देशैभरका यातायात व्यवसायीहरूले लाभ लिन सक्ने उनले बताए ।

हमालका अनुसार प्रदेशमा भएका कुल सवारी साधनमध्ये वार्षिक कर नबुझाएका सवारी साधनको संख्या १० प्रतिशत छ । खासगरी पुराना गाडीहरूको कर नियमित बुझाइएको छैन ।




# सम्पादकीय

## वीरता र स्वाभिमान जोडिएको भगवती जात्रा

नेपाली फौजले अंग्रेज फौजलाई पराजित गरेको खुशीयालीमा हरेक वर्ष कृष्ण नवमीको दिन मनाइने भगवती जात्रा तानसेनमा यस वर्ष पनि भव्य रूपमा मनाइएको छ। विसं. १८७१–१८७२ मा अंग्रेजसँग भएको युद्धमा बुटवलको जितगढीमा विजय हासिल गरेको खुशीयालीमा निकालिने यो जात्रा विजयोत्सवको रुपमा स्थापित भएको छ।

भगवती जात्रा केवल तानसेनको मात्रै पर्व होइन्, यो नेपालीको वीरता र स्वाभिमानसँग गाँसिएको पर्व हो । यो राष्ट्रियतासँग जोडिएको महत्वपूर्ण जात्रा हो। प्रत्येक नेपालीलाई बिउँझाउने पर्व हो। इतिहासकारहरुका अनुसार, कर्णेल उजीरसिंह थापाले अंग्रेजसँग बुटवल क्षेत्रको युद्धमा विजयी भएमा मन्दिर बनाई सिन्दुरजात्रा गर्ने र भगवतीको महिमा चारैतिर फैलाउने भाकल गरेका थिए। युद्धमा जीत हात पारेपछि भगवती मन्दिरको निर्माण सुरु भयो। विसं. १८७७ मा मन्दिर सम्पन्न भएपछि विजयोत्सवको रुपमा हरेक वर्ष भगवती जात्रा हुँदै आएको छ। पाल्पा तत्कालीन अवस्थामा पश्चिम नेपालको प्रशासनिक गौँडा थियो। पाल्पाबाट नै समग्र पश्चिम नेपालको शासन प्रशासन सञ्चालन हुन्थ्यो। बुटवलमा भएको अंग्रेजसँगको लडाईमा पनि पाल्पाबाट नै फौज खटिएको थियो। अहिले भगवती जात्रालाई पाल्पाको स्थानीय पर्वको मात्रै नभएर राष्ट्रिय पर्वको रुपमा मान्नुपर्छ। लुम्बिनी प्रदेश सरकारले भगवती जात्राको दिन स्थानीय बिदा दिँदै आएको छ।

भगवती जात्रा र जितगढीलाई जोडेर कुनै कार्यक्रम गर्न सके सांस्कृतिक पर्यटन प्रवर्धनमा टेवा पुग्ने विश्वास गर्न सकिन्छ। जितगढी किल्ला, जहाँ अंग्रेजसँग लडाई भयो, यहाँ केही वर्षयता मात्रै पर्यटन प्रवर्धनको चासो र चिन्ता हुन थालेको छ। तर पर्यटन प्रवर्धनको काम नतिजामुखी हुन सकेको छैन। जितगढी किल्लालाई आकर्षक बनाउने र संरक्षणको काम भए पनि युद्ध संग्रहालय सञ्चालन गर्न बुटवल उप-महानगरपालिकाको ध्यान जान सकेको छैन। अब बुटवल उप-महानगरपालिका र तानसेन नगरपालिका मिलेर जितगढी र भगवती जात्रासँग सम्बन्धित केही प्रचारात्मक काम गर्ने हो भने त्यसले बुटवल र तानसेनको पर्यटन प्रवर्धनमा एउटा महत्वपूर्ण काम हुनेछ।

नेपालका जात्रा र उत्सवहरु मौलिक खालका छन्। तानसेनको भगवती जात्रा पनि मौलिक खालको जात्रा हो। यो जात्रामा बाह्य र आन्तरिक पर्यटन प्रवर्धन गर्न सकिन्छ। यो बेला होटल व्यवसायीले प्याकेज बनाएर पर्यटक आकर्षित गर्न सक्छन्। जात्रामा अधिकतम पर्यटकलाई सहभागी बनाउन सक्दा पाल्पाले राम्रो लाभ पाउन सक्छ।

# कानुन, नैतिकता र भ्रष्टाचार



**पुष्करराज प्रसाई**

इच्छा-आकांक्षा पूरा गर्न आफ्नो पदको दुरुपयोग गर्छ भने त्यसले नियुक्त गरेको वा संवैधानिक निकायले भए पनि कारबाही गरेर भ्रष्टाचार नियन्त्रण गर्छ भन्ने के विश्वास ? भनी सर्वसाधारणले प्रश्न गरेको सुनिन्छ। यसरी सरकारप्रति जनविश्वास गुम्दै गएको अवस्था छ। यसका निम्ति स्वयं नेपाल सरकार (जो सुशासन आयोगको अध्यक्ष हुनुहुन्छ) ले विशेष किसिमले सोच्नु जरुरी छ। भ्रष्टाचार यसरी नै फैलिँदै जाने हो, जनविश्वास गुम्दै जाने हो भने हाम्रो लोकतन्त्र मात्रै होइन, देशकै अस्तित्व जोगाउन कठिन छ।

कानुन भन्नाले स्वेच्छाचारी प्रयोगको विरुद्धमा मानवतावादी र अधिकारकर्मीले अघि सारेको अवधारणा हो, जसलाई आधुनिक राज्य प्रणालीले महत्वपूर्ण शासकीय मान्यताका रुपमा स्वीकार्दै आएको छ। आधुनिक राज्य व्यवस्थामा यसअन्तर्गत राज्य, राज्यअन्तर्गतको संरचना, राज्यबाहिरका पात्र र नागरिकले अपनाउनुपर्ने आचरण, गर्नुपर्ने व्यवहार र दायित्वसहितको मूल्य प्रणालीसम्बन्धी सिद्धान्त अनि मान्यतासमेत पर्दछन्।

कानुनी राज्यको अवधारणाको विकासक्रम केलाउँदै जाने हो भने प्लेटोको सिद्धान्त र अरस्तुको राजनीतिसम्म पुग्नुपर्ने हुन्छ। तर यो लेख त्यसतर्फ नगई कानुन, नैतिकता र भ्रष्टाचारलाई वर्तमान राज्य सञ्चालनको कसीमा हेरी तदनुकूल सुधार गर्नु जरुरी छ, अन्यथा देशको अस्तित्व नै संकटमा पर्न सक्छ भन्नेतर्फ इंगित गरिएको छ।

**कानुन के हो र कस्तो हुनुपर्छ ?**

कानुनी राज्यको लागि कानुनको सर्वोच्चता र यसको कार्यान्वयनमा उचित प्रक्रिया मात्र पूरा गरेर पुग्दैन। यसको सार भनेको सुशासनको अनुभूति हो, जसको लागि कानुन स्वयं पनि वैध हुनुपर्दछ। यसको निर्माण र प्रशोधनका विधिहरु पनि स्वच्छ र नागरिकको मन जित्ने हुनुपर्दछ भनी दार्शनिक थोमस अक्विनसले बताउनुभएको छ। यस भनाइअनुसार कानुनको शासन हुन उचित प्रक्रियाले कानुन निर्माण भएर पुग्दैन, त्यसले नागरिकको मन जितेको हुनुपर्ने देखिन्छ। यसअनुसार कानुनको शासन भनिएको अवस्थामा पनि असल र खराब अर्थात् जनताको मन जितेको कानुन र मन नजितेको तर मान्नुपर्ने बाध्यताको कानुन रहने देखिन्छ।

यसलाई हामी पहिलो- कानुनको शासन र दोस्रो- कानुनद्वारा शासन भनी नामकरण गरेको पाउँछौं।यसरी कानुनको शासन र कानुनद्वारा शासन भन्ने सुन्दा दुवै उस्तै-उस्तै लाग्न सक्छ तर यसमा आकाश-जमिनको फरक छ। कानुनको शासन मानवअधिकारको सवाल हो भने कानुनद्वारा शासन मानवअधिकार विरोधी कानुनको आडमा शासकको स्वार्थ अनुकूल चलाइएको शासन हो। शासकसँग कानुनको सम्बन्ध दुई तरिकाले हुन्छ। पहिलो- शासकलाई नियन्त्रण गरेर, दोस्रो- शासकको हतियार बनेर।

पहिलो अवस्था कानुनको शासन हो भने दोस्रो कानुनद्वारा शासन हो। कानुनको शासनमा कानुन शक्तिशाली हुन्छ र शासकचाहिँ निमित्त मात्र हुन्छ भने कानुनद्वारा शासनमा शासक प्रमुख र कानुनचाहिँ निमित्त मात्र हुन्छ। जस्तै- पञ्चायतकालमा कानुन बनाएर शासन चलाइएकै थियो भने हिटलर र मुसोलिनीले पनि आफ्नो शासन चलाउन कानुन बनाएकै थिए। तर त्यो नागरिक वा मानव समुदायलाई अधिकार प्रदान गर्नको लागि निर्माण भएको थिएन।

त्यसैले त्यो शासन कानुनको शासन थिएन। कहिलेकाहीँ शासकले कुनै काम-कारबाही गर्दा कानुनबमोजिम गरेको देखिने तर मानवअधिकार विरोधी छ भने त्यस्तो अवस्था कानुनद्वारा गरिएको शासनको अवस्था हो। त्यसैले विधिको शासन लोकतन्त्रको प्राण हो। लोकतन्त्र देखाउने आचरण वा पार्टीलाई सिँगार्ने गहना होइन। यो राज्य सञ्चालन गर्ने वैज्ञानिक, न्यायपूर्ण र सामाजिक विधि हो। साररुपमा विधिको शासनमा लोकतन्त्र राज्य सञ्चालकको जीवन पद्धति बन्न सक्नुपर्दछ।

**नैतिकताको संस्कृति :**

वर्तमान समयमा हामीले लोकतन्त्र, गणतन्त्र दिवस मनाइरहँदा प्रजातान्त्रिक चिन्तन र व्यवहारमा आफूलाई सबैले हेर्नुपर्ने अवस्था आएको देखिन्छ। जसको ज्वलन्त उदाहरणको रुपमा केही समयअगाडि संविधान कार्यान्वयनको क्रममा देखा परेका अड्चनहरु फुकाउने सिलसिलामा एउटै कानुनलाई आ-आफ्नो स्वार्थ अनुकूल फरक-फरक व्याख्या गर्दै मुलुकमा अन्योलता सृजना गरी जनतालाई वास्तविकता थाहा नदिने गरी गुमराहमा राखियो, जुन तथ्यले दलभन्दा माथि उठी देश र जनताको पक्षमा काम गरेको देख्न सकिएन।

असल नजिर बसाउनेतर्फ ध्यान दिन सकेनन्। देशलाई असल बाटोमा हिँडाउनेभन्दा व्यक्तिगत पद र प्रतिष्ठामा अलमलिएर समृद्ध समाज निर्माणको महत्वपूर्ण समय बरबाद गर्न पुगे। संविधान कार्यान्वयनका महत्वपूर्ण काम समयमा पूरा हुन सकेनन्, जसले गर्दा राजनीतिक दलहरुका बीचमा तीक्तता बढाई दलहरुका बिचमा हुनुपर्ने समृद्धि र विकासतर्फका सहकार्य-सहयात्रालाई धमिल्याएको छ।

वास्तवमा संस्था आफैँले बोल्ने र आचरण देखाउने होइन, त्यसमा रहेका व्यक्तिले बोल्ने र आचरण पालन गर्ने हो। सबै कुरा संविधान र कानुनमा उल्लेख गर्न सम्भव पनि हुँदैन। संविधान र कानुनबाहेक हाम्रा लोकतान्त्रिक परम्परा, न्यायिक मान्यता, अन्तर्राष्ट्रिय अभ्यास, संसदीय मूल्य-मान्यतालाई पनि राज्य सञ्चालनको क्रममा अवलम्बन गर्ने गरिन्छ। समाजलाई असल नागरिक संस्कृतिको सन्देश दिने राजनीतिक अगुवाले नै हो। जो अगुवा उही के भनेजस्तो हुनु लोकतान्त्रिक नेताको निम्ति शोभनीय विषय हुन सक्तैन। हामी जुन कार्य समाज र राष्ट्रको लागि गर्छौं, त्यो आउँदा दिनमा भावी पिँढीले पनि ग्रहण गर्न कुनै हिचकिचाहट नमानून् र त्यस परम्पराको निरन्तरता रहन सकोस्। यो नै वास्तवमा वर्तमान शासकहरुको सामर्थ्य, क्षमता, योग्यता हो। त्यस कार्यलाई समाजले पछिसम्म सम्झिरहनेछ।

यस सन्दर्भमा हामी बेलायतको राजनीतिक घटनाक्रमबाट केही सिक्न सक्छौं। डेभिड क्यामरोनले १३ जुलाई २०१६ मा प्रधानमन्त्रीबाट राजीनामा दिए तर उनको सरकार संसद्मा अल्पमतमा परेको थिएन। उनको कार्यकाल पनि सकिएको थिएन। कारण थियो कि जनमत सङ्ग्रहको नतिजा। उनी बेलायत, युरोपियन युनियनभित्रै रहनुपर्छ भन्ने मान्यता राख्थे। तर जनमतले बाहिरिनुपर्दछ भन्ने पक्षमा ५१.९ प्रतिशत मत व्यक्त गरेको थियो।

यसरी आफ्नो प्रस्तावलाई जनताले अस्वीकृत गरिदिएपछि पदमा नै रहिरहेर राज्य सञ्चालन गरिरहनु नैतिकताले नदिने ठहर गर्दै राज्य सञ्चालनका क्रममा देखाउनुपर्ने नैतिकता भुल्न चाहेनन्। त्यसैले सो निर्णय कार्यान्वयन गर्न सजिलो होस् भनेर राजीनामा दिई बाटो प्रशस्त गरिदिएका थिए। त्यस्तै गरी इटालीमा संविधान सुधार गर्ने कि नगर्ने भनेर ४ डिसेम्बर २०१६ मा जनमत सङ्ग्रह भएको थियो। सो जनमत सङ्ग्रहमा सत्तापक्षले आफू अनुकूल हुने गरी संसद्, प्रदेश र इकाइहरुबिच सन्तुलन मिलाउन संविधान संशोधन गर्न चाहेको थियो। तर आफूले अगाडि सारेको सो संविधान सुधारको प्रस्तावलाई जनमतमार्फत् ५९.१ प्रतिशतमा अस्वीकृत गरिदिएपछि तत्कालीन प्रधानमन्त्री माट्टिओ रेन्चीले ५ डिसेम्बरमा राजीनामा गरेका थिए। त्यहाँ उनीविरुद्ध अविश्वास प्रस्ताव पारित भएको पनि होइन, कार्यकाल सकिएको पनि होइन। त्यहाँ मात्र नैतिकताको पालन थियो।

यसरी युरोपका दुई फरक देशका एक वर्षभित्र घटेका दुई घटनाले राज्य संयन्त्र संविधान, ऐन, कानुन, नियम, विनियमले मात्रै चल्ने होइन रहेछ भन्ने पुष्टि गरेको छ। त्यहाँ नैतिकता, आदर्श, सामाजिक मूल्य, मान्यता अनुकूलको आचरणको स्थान पनि हुँदो रहेछ भन्ने सिद्ध गरेको देखिन्छ। किनकि त्यहाँ जनमत सङ्ग्रहमा आफ्नो मान्यता विपरीत निर्णय आएमा राजीनामा दिनुपर्छ भन्ने संविधान ऐन, कानुनमा लेखिएको थिएन।

तथापि सरकार प्रमुखको हैसियतले अगाडि सारेका प्रस्तावलाई लोकतान्त्रिक विधिबाट जनताले अस्वीकृत गरिदिएपछि क्यामरोन र रेन्चीले सोही पदमा रहिरहन नैतिकता र लोकतान्त्रिक आचरणअनुसार उचित ठानेनन्। यसको दार्शनिक पक्ष के हो भने, कुनै पनि सरकारले कुनै पनि प्रस्ताव केवल देखाउन र राजनीति गर्न मात्र ल्याउँदैन, त्यो कार्यान्वयन गर्न र काम गर्न ल्याउने हो। जब जनमत सङ्ग्रहद्वारा नै प्रस्ताव अस्वीकृत हुन्छ भने त्यसको सीधा अर्थ जनता सरकारप्रति विश्वस्त छैनन् भन्ने नै हो। यो पक्षलाई विधिको शासन र नैतिकताको राजनीति गर्ने शासकले बुझेका हुन्छन् र तदनुकूल आचरण गर्छन् भन्ने त्यो घटनाले बुझाउँछ।

हाम्रो देशमा पनि हाम्रा राज्य सञ्चालकले यस्तै उच्च खालको विधिको शासन र नैतिकताको राजनीति प्रदर्शन गरेको हामी देख्न चाहन्छौं भन्ने यस लेखको आशय हो। पञ्चायतकालका कृतिनिधि विष्ट, केशरबहादुर विष्टदेखि लोकतान्त्रिक गणतन्त्रकालका शेरबहादुर तामाङ, गोकुल बास्कोटालगायतले सार्वजनिक आलोचनापछि त्यसको मर्यादा गर्दै राजीनामा दिएका उदाहरण पनि छँदै छन् भने केहीले आरोप लाग्नेबित्तिकै विनाप्रमाण कहाँ राजीनामा दिन्छु भन्दै राजीनामा नदिई बसेका पनि देखियो। साथै विगतमा प्रतिपक्षमा रहँदा जुन मान्यता राखेर जे बोलिएको थियो, त्यसको ठीक विपरीत अडान अहिले सत्तापक्षमा भिजिट भिसाको विवादमा राखेको देखियो। यो सरासर दोहोरो मापदण्ड हो र नैतिकताको खडेरी हो।

**भ्रष्टाचारका चुनौती र कारबाही :**

भ्रष्टाचार भन्नाले सार्वजनिक जीवनमा स्वीकृत मूल्यहरुका विरुद्धको आचरणलाई मानिन्छ। अहिले भ्रष्टाचारका बारेमा चियापसल, साहित्यिक गोष्ठीदेखि संसद्सम्म चर्चा हुने गरेको छ। अधिकांश ठूला राजनीतिक भ्रष्टाचारीहरु प्रमाण ल्याऊ, म कारबाही भोग्न तयार छु भन्छन्। विनाप्रमाण आरोप लगाउन पाइँदैन भनेर चुनौती दिने गर्छन्। सबैलाई थाहा भएकै कुरा हो कि भ्रष्टाचार भनेको साक्षी प्रमाण राखेर गरिँदैन। त्यसैले सर्वसाधारणले प्रमाण जुटाउन सक्ने कुरा नै भएन। यो भनाइ सरासर दण्डहीनताको संकेत हो।

सर्वसाधारणले कतिसम्म भन्न सक्छन् भने, हिजो रित्तो हात र चप्पल लगाएर राजनीतिमा लागी पदमा बसेका थिए तर छोटो समयमै कसरी करोडभन्दा माथि पर्ने गाडी चढ्ने भए ? जसको पैत्रिक सम्पत्ति हेर्दा आफैंले खेती गर्दा पनि ६ महिना खान पुग्दैनथ्यो। पदमा पुगेको केही समयमा नै शहरमा विशाल घर ठडियो। त्यो पनि एउटा मात्र होइन धेरै कसरी बनाउन सकियो ? यी सबैको हिसाब प्रस्ट निकाल्न सकिन्छ भने त्यसभन्दा अतिरिक्त सम्पत्ति ऊसँग कहाँबाट आयो ? हामी आम मानिसले देख्ने र दिन सक्ने प्रमाण भनेको यही हो। यसलाई प्रमाण नमान्ने र स्रोतको अनुसन्धान नहुने हो भने कुनै पनि भ्रष्टाचारीको प्रमाण भेट्न सकिँदैन। जब प्रमाण नै भेटिँदैन भने त्यस्तो कानुनको के आवश्यकता ? त्यसका निम्ति अनुसन्धान गर्ने, मुद्दा हेर्ने संयन्त्र किन चाहियो ?

जब राजनीतिक नेतृत्व नै भ्रष्ट छ, ऊ आफ्ना दमित र कुण्ठित इच्छा-आकांक्षा पूरा गर्न आफ्नो पदको दुरुपयोग गर्छ भने त्यसले नियुक्त गरेको वा संवैधानिक निकायले भए पनि कारबाही गरेर भ्रष्टाचार नियन्त्रण गर्छ भन्ने के विश्वास ? भनी सर्वसाधारणले प्रश्न गरेको सुनिन्छ। यसरी सरकारप्रति जनविश्वास गुम्दै गएको अवस्था छ। यसका निम्ति स्वयं नेपाल सरकार (जो सुशासन आयोगको अध्यक्ष हुनुहुन्छ) ले विशेष किसिमले सोच्नु जरुरी छ। भ्रष्टाचार यसरी नै फैलिँदै जाने हो, जनविश्वास गुम्दै जाने हो भने हाम्रो लोकतन्त्र मात्रै होइन, देशकै अस्तित्व जोगाउन कठिन छ। समाचार पत्रबाट

# नेप्से परिसूचक २७ अङ्कले घट्यो



काठमाडौँ। यो साता कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २७ दमशलव १४ अङ्कले घटेको छ। शून्य दशमलव ९७ प्रतिशतको गिरावट पछि नेप्से परिसूचक दुई हजार ७६१ दशमलव २२ को बिन्दुमा कायम भएको हो।

३१७ कम्पनीको दुई करोड पाँच लाख १३ हजार ६२५ कित्ता शेयर ८६ हजार ६६९ पटक खरिद बिक्री हुँदा रू सात अर्ब ७३ करोड ५१ लाख ९५ हजार ९४ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

सबै समूहको उपसूचक घटेको छ। बैंकिङ एक दशमलव शूत्य तीन, विकास बैंक शून्य दशमलव ५१, वित्त शून्य दशमलव ९३, होटल तथा पर्यटन शून्य दशमलव २१, जलविद्युत् शून्य दशमलव ७७, लगानी शून्य दशमलव ८३ र जीवन बिमा शून्य दशमलव ७१ प्रतिशतले घटेको छ।

त्यस्तै, उत्पादन तथा प्रशोधन समूह एक, लघुवित्त एक दशमलव ३१, म्युचुअल फण्ड शून्य दशमलव १०, निर्जीवन बिमा शून्य दशमलव ६८, व्यापार एक दशमलव ६४ र अन्य समूह एक दशमलव ३४ प्रतिशतले घटेको छ।

आरबिबी म्युचुअल फण्ड-१ को शेयर मूल्य सबैभन्दा बढी सात दशमलव ९३ प्रतिशतले बढेको छ। सबैभन्दा बढी सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सात दशमलव शून्य छ प्रतिशतले घटेको छ। कारोबार रकमका आधारमा सबैभन्दा बढी नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको रु ५१ करोड ६७ लाख दुई हजार २०१ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी आरबिबी म्युचुअल फण्ड-१ को १३ लाख ५८ हजार छ कित्ता किनबेच भएको छ।

# अदुवा हालिएको तातो पानीका फाइदाहरू

**दिपु सिंह**

अदुवा हाम्रो भान्सामा मात्र नभई परम्परागत औषधीय उपयोगमा पनि अत्यन्त महत्त्वपूर्ण मानिन्छ। यसलाई मसला, स्वादवर्धक तथा स्वास्थ्यवर्धक तत्वका रूपमा प्रयोग गरिन्छ। विशेषगरी तातो पानीमा अदुवा हालेर पिउनु स्वास्थ्यका दृष्टिले निकै लाभदायक मानिन्छ। यसले शरीरलाई भित्री रूपमा तताउने मात्र होइन, विभिन्न रोगहरूको जोखिम कम गर्न, रोगप्रतिरोधात्मक क्षमता बढाउन र पाचन प्रणालीलाई सुदृढ बनाउन मद्दत गर्छ। यहाँ अदुवा हालिएको तातो पानीका प्रमुख फाइदाहरू विस्तृत रूपमा प्रस्तुत गरिएको छ।

**रोगप्रतिरोधात्मक क्षमता वृद्धि**

अदुवा एन्टिअक्सिडेन्ट र एन्टिब्याक्टेरियल गुणले भरिपूर्ण हुन्छ। तातो पानीमा यसको गुण अझ सक्रिय भएर शरीरमा पुग्छ। यसले रुघा-खोकी, घाँटी दुख्ने, ज्वरो जस्ता भाइरल रोगहरूबाट जोगाउँछ। नियमित सेवनले शरीरलाई संक्रमणसँग लड्ने क्षमता बढाउँछ, जसले विशेषगरी चिसो मौसममा स्वास्थ्यलाई मजबुत बनाउँछ।

**तौल नियन्त्रणमा सहयोगी**

अदुवाले शरीरको मेटाबोलिज्म बढाउँछ। तातो पानीसँग यसको प्रयोग गर्दा शरीरले बोसो द्रुत रूपमा जलाउन थाल्छ। यसले भूख नियन्त्रण गर्ने क्षमता पनि राख्छ, जसले अत्यधिक खानाबाट बचाउँछ। बिहान वा दिउँसो अदुवा तातो पानी पिउनाले बिस्तारै तौल घटाउन मद्दत पुऱ्याउँछ।

**रगतको सञ्चार सुधार**

अदुवा हालिएको तातो पानीले रगतको सञ्चारलाई सहज बनाउँछ। यसले रगतमा भएको जमावट कम गर्न मद्दत गर्छ। जसका कारण मुटुसम्बन्धी समस्या, स्ट्रोक, र उच्च रक्तचापको जोखिम घट्छ। चिसो मौसममा यसको सेवनले हात-खुट्टा चिसिनु वा सुनिनु जस्ता समस्या पनि कम हुन्छन्।

**पाचन प्रणाली सुधार**

अदुवामा रहेको जिन्जेरोल र शोगोल नामक सक्रिय तत्वहरूले पेटमा रसको उत्पादन बढाउँछन्। यसले खाना सजिलै पच्न सहयोग पुऱ्याउँछ। तातो पानीसँग अदुवा मिसाउँदा पेट फुल्ने, ग्यास, अपच तथा पेट दुख्ने समस्या घट्छ। बिहान खाली पेट अदुवा हालिएको तातो पानी पिउनाले दिनभर पाचन राम्रो रहन्छ र कब्जियतको समस्या कम हुन्छ।

**एन्टिइन्फ्लेमेटोरी (सुजन कम गर्ने) गुण**

अदुवामा प्राकृतिक एन्टिइन्फ्लेमेटोरी तत्वहरू हुन्छन्, जसले शरीरमा भएको सुजन, जोर्नी दुखाइ, आर्थराइटिस, र मांसपेशी दुखाइ कम गर्न मद्दत गर्छ। तातो पानीसँग सेवन गर्दा यो प्रभाव अझ बलियो हुन्छ, किनभने तातोपनले रक्तसञ्चार बढाउँछ र दुखाइ भएको भागसम्म औषधीय तत्व छिटो पुऱ्याउँछ।

**चिसो मौसममा शरीर तताउने**

अदुवा प्राकृतिक रूपमा शरीरलाई तताउने गुण भएको जडीबुटी हो। तातो पानीमा हालेर पिउनाले भित्रबाट न्यानोपन महसुस हुन्छ। यो विशेषगरी हिउँद, वर्षात् वा चिसो मौसममा जाडो भगाउने घरेलु उपायका रूपमा प्रयोग गरिन्छ।

**घाँटी दुखाइ र खोकीमा लाभकारी**

यदि घाँटी दुखेको, खोकी आएको वा घाँटीमा खरानी जमेको छ भने अदुवा हालिएको तातो पानी पिउनाले तुरुन्त राहत मिल्छ। अदुवाको एन्टिब्याक्टेरियल गुणले संक्रमण कम गर्छ र घाँटी सफा राख्छ।

**मानसिक तनाव कम गर्ने**

अदुवा हालिएको तातो पानीको सुगन्ध र स्वादले दिमागलाई रिल्याक्स गराउँछ। यसमा भएको प्राकृतिक तत्वले स्नायु प्रणालीलाई शान्त राख्छ र मानसिक तनाव तथा चिन्ता घटाउँछ। बिहानको सुरुवात वा बेलुकाको आराम समय यसलाई पिउनाले दिनभरको थकान हटाउन मद्दत गर्छ।

**छालाको स्वास्थ्य सुधार**

अदुवा तातो पानीसँग सेवन गर्दा शरीरमा भएको विषाक्त पदार्थ (त्यहष्लक) पसिनाबाट बाहिर निस्कन्छ। यसले छालामा चमक ल्याउँछ र मुहाँ, दाग, तथा अन्य छालासम्बन्धी समस्या कम हुन्छ।

**डिटक्स (शरीर सफा गर्ने) प्रभाव**

अदुवाले शरीरभित्रको अनावश्यक बोसो, टक्सिन र हानिकारक पदार्थलाई बाहिर निकाल्ने गुण हुन्छ। तातो पानीमा मिसाउँदा यसको डिटक्स प्रभाव अझ बढ्छ। यसले मिर्गौला र कलेजोको कार्यसम्पादन सुधार गर्छ र सम्पूर्ण स्वास्थ्यमा सुधार ल्याउँछ।

**सेवन गर्ने तरिका**

१. करिब २-३ टुक्रा ताजा अदुवा धुने र हल्का कुट्ने
२. १ गिलास तातो पानीमा राखेर ५-१० मिनेट छोड्ने
३. चाहिँमा मह वा कागती मिसाउन सकिन्छ
४. बिहान खाली पेट वा बेलुकी सुत्नु अघि सेवन गर्दा उत्तम परिणाम पाइन्छ।

**सावधानीहरू**

अत्यधिक मात्रामा अदुवा सेवन गर्दा पेट जलन वा एसिडिटी हुन सक्छ।

गर्भवती महिला, रक्त पातलो गर्ने औषधि खाने व्यक्तिले चिकित्सकको सल्लाह लिनु राम्रो।

खाली पेटमा धेरै मात्रामा नखाने।

स्वास्थ्य खबरबाट

# ‘नाइन ए साइड’ फुटबल प्रतियोगिता सुरु



कञ्चन । रुपन्देहीको कञ्चनमा लोकप्रिय बन्दै गइरहेको गौतमबुद्ध कपको दोश्रो संस्करण हिजो शनिबारदेखि सुरु भएको छ । नाइन ए साइड फुटबल प्रतियोगिताको रुपमा सञ्चालन हुँदै आइरहेको गौतमबुद्ध कपको दोश्रो संस्करण कञ्चन ५ स्थित पिपरीचापा खेल मैदानमा सञ्चालन हुनेछ ।

प्रतियोगिताको शुभारम्भ गर्दै कञ्चन गाउँपालिकाका अध्यक्ष नवराज ढकालले खेलकुदले समाजलाई एकता, सहकार्य, धैर्यता, सहनशिलता र अनुशासनलाई व्यवहारिक रुपमा सिकाउने बताए ।

जहाँ खेलकुदको विकास हुन्छ, त्यहाँ अनुशासन र सहकार्यलाई प्राथमिकता दिने बताउँदै फरक प्रसंगमा कञ्चनवासीलाई जग्गाधनी पूर्जा दिने कार्यलाई तिव्रता दिइरहेको उनले बताए । कञ्चनका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीहरुलाई आगामी २ वर्षभित्र जग्गाधनी पुर्जा दिएर चुनावमा आफूले गरेको वाचा पूरा गर्ने समेत उनले उल्लेख गरे ।

यसैगरी जिल्ला फुटबल संघ रुपन्देहीका अध्यक्ष लोक पुनले युवाहरुलाई समाजको विकाससँग जोड्न खेलकुद अनिवार्य रहेको र खेलकुदको विकासका लागि अब स्थानीय सरकारको भूमिका महत्वपूर्ण रहने बताए । स्थानीय सरहकारले खेलकुद विकासका लागि संस्थागत बजेट विनियोजन नगर्दासम्म कञ्चनलगायत कुनै पनि स्थानीय तहमा खेलकुदको विकास हुन नसक्ने बताउँदै संघका अध्यक्ष पुनले कञ्चनमा पछिल्लो पटक फुटबल प्रतियोगिताहरु ब्राण्डिङ्ग हुँदै गइरहेको र प्रतियोगिताहरुको निरन्तरताको कामना समेत गरे ।

यसैगरी गौतमबुद्ध सामुदायिक विकास केन्द्र, कञ्चन ५ पिपरीचापाका अध्यक्ष कमल परियारले कञ्चनको सबै खेलकुदको संस्थागत र एकिकृत विकास गर्न खेलकुद विकास समिति तत्काल गठन गर्न समेत माग गरे । स्थानीयस्तरबाट सञ्चालन हुने हरेक खेलकुद प्रतियोगिताहरुलाई स्थानीय तहले आंशिक रुपमा सहयोग गर्दै आएको उल्लेख गर्दै जनसहयोगलाई दीगो र संस्थागत गर्न स्थानीय तहबाट आगामी दिनमा पूर्ण सहयोगको समेत अध्यक्ष परियारले अपेक्षा गरे ।

गौतमबुद्ध सामुदायिक विकास केन्द्र, कञ्चन ५ पिपरीचापा रुपन्देहीको आयोजनामा सञ्चालित प्रतियेगिताअन्तर्गत न्यू सिर्जनशिल फुटबल क्लब र न्यू बुद्ध स्पोर्ट क्लबबिच भएको उद्घाटन खेलमा न्यू सिर्जनशिल फुटबल क्लबले २० गोल अन्तरले न्यू बुद्ध स्पोर्ट क्लबलाई पराजित गरी दोश्रो चरणमा प्रवेश गरेको छ । न्यू सिर्जनशिलका लागि आसमान क्षेत्रीले २ गोल गरेका थिए । शनिबारको खेलमा न्यू सिर्जनका आसमान क्षेत्री म्यान अफ द म्याच बन्न सफल भएका छन् ।

हरितालिका तिजको सन्दर्भ पारेर सञ्चालन गरिएको प्रतियोगिताका विजेता टिमले १,११,१११ रुपैयासहित कप, मेडल र प्रमाण पत्र पाउने छन् भने यपविजेता टिमले ६६,६६६ रुपैयाँसहित कप, मेडल र प्रमाण पत्र पाउने गौतमबुद्ध सामुदायिक विकास केन्द्रका खेल संयोजक रोशन पुनले जानकारी दिए । यस्तै प्रतियोगिता अवधिभर उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडीलाई नगद ५ हजार रुपैयाँसहित मेडल प्रदान गरिने विधागत रुपमा उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडीहरुका लागि पनि आकर्षक पुरस्कार रहेको खेल संयोजक पुनले जानकारी दिए ।

भदौ १० गतेसम्म सञ्चालन हुने प्रतियोगितामा न्यू सिर्जनशिल एफसी कञ्चन ४ रूपन्देही, न्यू बुद्ध स्पोर्टस् क्लब बु.उ.म.नपा. ११, रेन्बो एकेडमी कञ्चन ३ हरैया, रुपन्देही, मुर्गिया फुटबल क्लब सैनामैना ४ रुपन्देही, योङ्ग ब्याईज देवदह, रूपन्देही, चाँदनी युवा क्लब कञ्चन १ रुपन्देही, बुद्ध सेभेन स्टार क्लब सैनामैना ११ रूपन्देही, न्यू सिर्जना युवा क्लब तिलोत्तमा १३ रुपन्देही, सुनगाभा सामुदायिक विकास केन्द्र कञ्चन ४ रूपन्देही, इभोलुसन क्लब तामनगर, रूपन्देही, भैसाही युवा क्लब कञ्चन ५ रुपन्देही, एमबी ब्रोदर्श फर्सार्टिकर, रूपन्देही, करङ्गे एफसी कञ्चन, रूपन्देही, गौतमबुद्ध सामुदायिक विकास केन्द्र, कञ्चन ५ रूपन्देही, सुनौलो संगम युवा क्लब कञ्चन ३ रूपन्देही, विश्व शान्ति युवा क्लब सैनामैना १० सालभ्ण्डी गरी १६ फुटबल क्लबहरुले प्रतियोगितामा प्रतिस्पर्धा गर्ने छन् ।

दिउँसो १ बजेदेखि सञ्चालन प्रतियोगिता हरेक दिन दुई खेल हुने खेल संयोजक पुनले जानकारी दिए ।

# ग्लोबल आइएमई बैंक ‘युरो मनी अवार्ड फर एक्सलेन्स २०२५’ बाट सम्मानित




बुटवल । ग्लोबल आइएमई बैंक लिमिडेट ‘युरो मनी अवार्ड फर एक्सलेन्स २०२५’ को बेस्ट बैंक अवार्डबाट सम्मानित भएको छ ।

सन् १९९२ मा युरो मनी म्यागजिनद्वारा स्थापित यो अवार्ड बैंकिङ क्षेत्रको एक प्रतिष्ठित अवार्ड हो ।

ग्लोबल आइएमई बैंकले ग्राहकहरूलाई प्रदान गर्दै आएको सेवा, वित्तीय अवस्था, संस्थागत सामाजिक उत्तरदायित्व, बैंकिङ क्षेत्रमा भित्र्याएको नयाँ-नयाँ प्रविधि, वातावरणीय, सामाजिक तथा सुशासनका क्षेत्रहरुमा बैंकले गरेको लगानी तथा बैंकको उच्चस्तरीय कार्यसम्पादनका लागि यो अवार्ड प्रदान गरिएको हो ।

युरो मनी म्यागजिन बैंकिङ क्षेत्रको गहिरो विश्लेषण र समालोचनाका लागि प्रख्यात छ । युरो मनी समूहमा बैंक तथा वित्तीय क्षेत्रका ख्यातिप्राप्त तथा अनुभवी व्यक्तिहरू छन् ।

यो वर्षको अवार्डसँगै ग्लोबल आइएमई बैंक तेश्रो पटक बेष्ट बैंक अवार्डबाट सम्मानित भएको हो ।

यसअघि पनि ग्लोबल आइएमई बैंकले युरो मनी अवार्ड फर एक्सलेन्स २०२२ र २०२४ मा बेस्ट बैंक अवार्ड प्राप्त गरेको थियो ।

यसअघि ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ र २०२५ तथा युरो मनी अवार्ड फर एक्सलेन्स २०२४ अन्तर्गत दुई विधामा नेपालको सर्वश्रेष्ठ बैंक, युरो मनी अवार्ड फर एक्सलेन्स २०२२ र २०२४ मा बेष्ट बैंकको रुपमा सम्मानित भएको थियो ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५२ शाखा कार्यालय, ३८४ एटिएम, १५५ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा वैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,००० भन्दा बढी सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ ।

बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिँदै आएको छ । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डनलगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ ।

# ज्योति पुञ्ज मदरसा गौसियाको अध्यक्षमा मुसाफिर




भैरहवा । ज्योति पुञ्ज गौसिया रिजविया अहले सुन्नत नूरुल ओलूम धार्मिक संस्था मदरसाको अध्यक्षमा हाजी मुसाफिर अली निर्वाचित भएका छन् ।

संस्थाको १९औं साधारणसभा तथा ८औं अधिवेशनबाट अलि सर्वसम्मत निर्वाचित भएका हुन् ।

यस्तै संस्थाको उपाध्यक्षमा हाजी डा. सेराज आलम, सचिवमा मोहम्मद सलीम, सहसचिवमा हाजी मोहम्मद हसन अंसारी, कोषाध्यक्षमा जावेद अली, सह-कोषाध्यक्ष नजाम साफी निर्वाचित भएको निर्वाचन आयुक्त प्रदिप यादवले बताए ।

यस्तै समितिको सदस्यमा मौलाना सिद्धिक खाँ, अफाक अलि, सलाहुद्दीन खाँ, नसरुद्दप्न पठान, रमजान मुसलमान, मोविन मुसलमान, हसनरजा मुसलमान, तुफैल पठान र एकराम हुसैन निर्वाचित भएका छन् । यस्तै ३ सदस्यीय लेखा समितिमा अब्दुल रशीद पठानको संयोजकत्वमा सगीर आलम र सलाहुद्दीन खान सदस्य गठन गरेको छ ।

२०५८ सालमा स्थापित मदरसाले धार्मिक शिक्षासँगै मुलधारको शिक्षा प्रदान गर्दै आएको छ ।

सिद्धार्थनगर नगरपालिकाकी उप-प्रमुख उमा अधिकारीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सिद्धार्थनगर ७ का वडाध्यक्ष दामोदर शर्मा, हकीकुल्लाह खाँ, बद्रे आलम , फैज अहमद खां, मदरसाका प्रधानाध्यापक हाजी सूफी मोहम्मद सिद्दीक खाँ, मोजीब अलीलगायतले मदरसाको विकास र नयाँ समितिलाई सफल कार्यकालको शुभकामना दिएका थिए ।

# गाउँपालिकाका सबै नागरिकको निःशुल्क बिमा



**प्रकाश डोटेल**

*स्याङ्जा*

स्याङ्जाको कालीगण्डकी गाउँपालिकामा बसोबास गर्ने सबै नागरिकको निःशुल्क स्वास्थ्य बिमा गरिएको छ । गाउँपालिकाले गएको असार मसान्तसम्म पालिकामा बसोबास गर्ने चार हजार ५४३ घरधुरीका परिवार सदस्यको निःशुल्क बिमा गरेको हो ।

गाउँपालिकामा बसोबास गरेका नागरिकमा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने उद्देश्यले नागरिकको निःशुल्क स्वास्थ्य बिमा गरिएको छ । निःशुल्क स्वास्थ्य बिमा वापत गएको आर्थिक वर्ष २०८१/०८२ को मसान्तसम्म एक करोड ७२ लाख ७२ हजार १५० रुपैयाँ बिमा बोर्डको जिल्लास्थित कार्यालयमार्फत् भुक्तानी गरेको पालिकाले जनाएको छ ।

कालीगण्डकीको वडा नं. १ का सात सय ७२, २ का सात सय २६, ३ का पाँच सय ८३, ४ का छ सय ६८, ५ का छ सय ८०, ६ का पाँच सय ८८ र वडा नं ७ का पाँच सय २६ गरी सबै वडाका चार हजार ५४३ घरधुरीमा बसोबास गर्ने सदस्यको निःशुल्क स्वास्थ्य बिमा गरिएको गाउँपालिकाका निःशुल्क बिमा कार्यक्रमका प्रतिनिधि दुर्गा पाण्डेले जानकारी दिए ।

पहिलो चरणमा एक हजार ६१७ घरधुरीको बिमा वापत ६१ लाख ७७ हजार १५० भुक्तानी गरेको गाउँपालिकाले दोस्रो चरणमा दुई हजार १८३ परिवारलाई ८२ लाख ७० हजार ५ सय रुपैयाँ भुक्तानी गरेको छ । तेस्रो चरणमा तीन सय ९९ घरधुरीका लागि १४ लाख ९२ हजार ५० र चौंथो तथा अन्तिम चरणमा तीन सय ४४ घरधुरीका परिवार सदस्यलाई १३ लाख ३२ हजार ४५० गरि एक करोड ७२ लाख ७२ हजार १५० रुपैयाँ भुक्तानी गरिएको पालिकाले जनाएको छ ।

गाउँपालिकामा बसोबास गरेका सबै घरधुरीका परिवार सदस्यलाई निःशुल्क स्वास्थ्य बिमा कार्यक्रममा समेटिएको गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापाले बताए । उनका अनुसार पालिकाका सात वटै वडामा रहेका बिमा अभिकर्तामार्फत् बिमितको घर-घरबाट फोटो खिच्ने र रसिद काटेर ल्याएपछि फोटो र रसिदको आधारमा तथ्याङ्क सुनिश्चित गरेपछि बिमा बोर्डलाई भुक्तानी दिने गरिएको छ ।

आर्थिक अभावमा पालिकावासीले स्वास्थ्य सेवाबाट वञ्चित हुन नदिन र स्वास्थ्यमा समान पहुँच पुऱ्याउन निःशुल्क बिमा कार्यक्रम गरेको अध्यक्ष थापाले बताए । उनका अनुसार न्यूनतम पाँच जनासम्मका परिवारलाई तीन हजार ५ सय र पाँच जना माथिका परिवार सदस्यको प्रतिसदस्य थप ७ सयका दरमा चार वर्षदेखि पालिकामार्फत् भुक्तानी गरिन्छ ।

गाउँपालिकामा बसोबास गर्नेको आर्थिक वर्ष २०७८/०७९ देखि निःशुल्क स्वास्थ्य बिमा गरिँदै आएको पालिकाका प्रमुख प्रशासकीय अधिकृत पर्शुराम उपाध्यायले बताए । बिमासहित गाउँपालिकाको मिर्मिमा सञ्चालित कालीगण्डकी अस्पतालबाट दिइने सबै सेवा, उपचार र औषधि समेत स्थानीयले निःशुल्क पाउने गरेका छन् ।

# गुरुङमाथि क्रिकेट गतिविधि गर्न बन्देज

बुटवल । नेपाल क्रिकेट संघ (क्यान)ले लुम्बिनी प्रदेश क्रिकेट संघका निवर्तमान अध्यक्ष सञ्जय गुरुङलाई कुनै पनि क्रिकेट गतिविधिमा संलग्न नगराउन निर्देशन दिएको छ । लुम्बिनी प्रदेश क्रिकेट संघलाई पत्राचार गर्दै क्यानले यस्तो निर्देशन दिएको हो ।

आइतबार क्यानले लुम्बिनी प्रदेश क्रिकेट संघका कार्यबाहक अध्यक्षलाई सम्बोधन गरेर पत्राचार गर्दै गुरुङलाई अम्पायरिङलगायत कुनै पनि क्रिकेट गतिविधिमा संलग्न नगराउन भनिएको छ । क्यानको साउन १५ गतेको बैठकले गुरुङलाई क्रिकेट गतिविधिमा संलग्न नगराउने निर्णय गरेको थियो । तर, बैठकको निर्णय आइतबार मात्रै प्रदेश क्रिकेट संघलाई जानकारी गराइएको हो ।

क्यानका महाप्रबन्धक उत्सव ढुङ्गान्याले लुम्बिनी क्रिकेट संघलाई पठाएको जानकारीमा भनिएको छ-‘लुम्बिनी प्रदेश क्रिकेट संघका पूर्वअध्यक्ष संजय गुरुङले नेपाल क्रिकेट संघविरुद्ध मुद्दा दायर गर्नुका साथै संघका अध्यक्षविरुद्ध विभिन्न सञ्चार माध्यमहरुमा नकारात्मक टिकाटिप्पणी एवं मिथ्या आरोप लगाएको सम्बन्धमा मिति २०८२ साउन १५ गतेको नेपाल क्रिकेट संघ केन्द्रीय कार्यसमितिको बैठकबाट निजलाई अर्को निर्णय नभएसम्मको लागि अम्पायरिङलगायत कुनै पनि क्रिकेट गतिविधिहरुमा संलग्न नगराउने निर्णय भएको हुँदा निजलाई अम्पायरिङलगायत कुनै पनि क्रिकेट गतिविधिहरुमा संलग्न नगराउनुहुन निर्देशानुसार अनुरोध गर्दछु ।’

क्यानले लुम्बिनीलाई पठाएको पत्रमा रुपन्देही जिल्ला क्रिकेट संघ र नेपाल क्रिकेट अम्पायर्स तथा स्कोरर्स संघलाई बोधार्थ दिइएको छ । गुरुङ रुपन्देही क्रिकेट संघका सचिव समेत हुन् । क्यानको यो निर्णयले गुरुङ रुपन्देही जिल्लाको सचिव पदबाट समेत अर्को निर्णय नहुँदासम्मका लागि निलम्बित भएका छन् । गुरुङ अन्तर्राष्ट्रिय अम्पायर समेत हुन् । क्यानले अर्को निर्णय नगर्दासम्म उनले अम्पायरिङ समेत गर्न पाउने छैनन् ।

२०८१ चैत्र २२ गते संघका उपाध्यक्ष विनय राजभण्डारी प्रस्तावक बस्दै ३१ जना प्रतिनिधिले हस्ताक्षर गरेर गुरुङविरुद्ध अविश्वासको प्रस्ताव नेपाल क्रिकेट संघ (क्यान)मा पठाएका थिए । क्यानको निर्देशनअनुसार गत जेठ ३ मा कपिलवस्तुको तौलिहवामा भएको विशेष साधारणसभाबाट गुरुङविरुद्धको अविश्वास प्रस्ताव पारित भएपछि उनी पदमुक्त भएका थिए ।

पदमुक्त गर्ने साधारणसभाको निर्णय, क्यान लगायत ६ जनालाई प्रतिवादी बनाउँदै गुरुङले उत्प्रेषण परमादेश माग गर्दै उच्च अदालत तुलसीपुर बुटवल इजलासमा गत जेठ २५ मा रिट निवेदन दर्ता गराएका थिए । साउन २१ गते उच्च अदालतका न्यायाशीधहरु जगतबहादुर थापा र तेजेन्द्रप्रसाद शर्मा सापकोटाको संयक्त इजलासले गुरुङको पक्षमा उत्प्रेषण परमादेश दिन अस्वीकार गर्दै रिट निवेदन खारेज गरिदिएको थियो ।

यससँगै लुम्बिनी प्रदेश क्रिकेट संघको विशेष साधारण सभाले गुरुङलाई पदमुक्त गर्न गरेको निर्णय बैध ठहरिएको छ भने संघले अध्यक्ष चयनका लागि अर्को साधारणसभा बोलाउने बाटो समेत खुलेको छ ।

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.को बिमालेख यही मिति २०८२।०३।२७ गते रामग्रामदेखि परासी जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला

**नाम :** बिबेक बानिया
**ठेगाना :** रामग्राम-५, परासी
**बिमालेख नं. :** २५११३१८०२
**सम्पर्क नं. :** ९८२१४११६०५


ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

# भगवती जात्रा मनाइँयो



**कृष्ण पोखरेल**
*पाल्पा*

नेपालले अंग्रेज सेनालाई युद्धमा पराजित गरी विजय हासिल गरेको खुसियालीमा पाल्पामा २०६औँ विजयोत्सव स्वरुप भगवती रथजात्रा मनाइएको छ। पाल्पाका तैनाथवाला तत्कालिन कर्णेल उजिरसिंह थापाले वि. सं १८७१ देखि १८७२ सम्म अंग्रेजसँगको युद्धमा नेपालले बुटवलको जितगढी क्षेत्रमा विजय हासिल गरेको खुसियालीमा पाल्पामा निरन्तर रुपमा २०६ वर्षदेखि विजयोत्सव मनाउने परम्परा चल्दै आएको हो।

तत्कालिन कर्णेल उजिरसिंह थापाले अंग्रेजसँग बुटवल क्षेत्रको युद्धमा जानुअघि आफू र आफ्नो सेनामा उर्जा भर्न विजयी भएमा मन्दिर बनाई सिन्दुरजात्रा गर्ने र भगवतीको महिमा चारैतर्फ फैलाउने छु भनी भाकल गरेका थिए। लडाइँ जितेपछि कर्णेल थापाले वि.स. १८७२ देखि ७६ सम्म मन्दिर निर्माण गरी वि.स. १९७७ सालदेखि आजसम्म विजयोत्सव स्वरुप भगवती जात्रा निकाल्ने गरिएको छ।

विजयोत्सव प्रत्येक वर्ष भाद्र कृष्ण पक्षको नवमीको दिन भगवती जात्रा सञ्चालन हुदै आएको छ। विजयोत्सवलाई भव्य रुपमा मनाउन लुम्बिनी प्रदेश सरकारले आइतबार पाल्पा जिल्लामा सार्वजनिक बिदा दिएको थियो। विजयोत्सव भगवती रथजात्राको उप-प्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल, संस्कृति पर्यटन तथा नागरिक उडड्यनमन्त्री बद्रीप्रसाद पाण्डे, नेपाली सेनाका प्रधानसेनापति अशोकराज सिग्देल, उच्च पदस्थ व्यक्तिहरु, लुम्बिनी प्रदेशका पर्यटन मन्त्री, स्वास्थ्य मन्त्री, प्रदेश सभामुख लगायत सरकारका उच्च पदस्थ व्यक्तिहरुले अवलोकन गरे। भगवती रथजात्रा नेपालीको राष्ट्रियतासँग जोडिएको, नागरिकको भावनासँग गाँसिएको, नेपाली सेनाको सान, वीरताको प्रतिकका रुपमा स्थापित भएकोले इतिहासविद निर्मल श्रेष्ठले बताए।

विजयोत्सव भगवती जात्रा मनाउन हजारौ सर्वसाधारण सहभागी भएका थिए। विजयोत्सवमा नेपाली सेनाले सलामी अर्पण गरी बढाइ दिएको थियो। रथ उठाएपछि ३ पटक मन्दिरको परिक्रमा गराई नेपाल सरकारको तर्फबाट नेपाली सेना र जिल्ला प्रशासनको हर्षबढाई, पूजाआजापछि सर्वसाधारणको लागि भगवतीको रथ नगर परिक्रमा गराइएको हो। युद्धमा तत्कालीन रुपका नेपाली सेनाले बहादुरीका साथ लडेर अंग्रेजलाई पराजित गरेकोले पाल्पाली जनताले हर्षोल्लासका साथ भगवति रथयात्रा गर्दै आएका छन्।

# रास्वपाको आयू लामो छैन : पौडेल



पाल्पा। उप-प्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले प्रतिगामी शक्ति, रास्वपा र माओवादीले नेपालमा अस्थिरता चाहेको आरोप लगाएका छन्। उनले यस्ता राजनीतिक शक्तिहरूको अब नेपालमा भविष्य नरहने पनि बताए।

नेपाल पत्रकार महासंघ पाल्पाले आइतबार तानसेनमा आयोजना गरेको पत्रकार भेटघाटमा बोल्दै पौडेलले प्रतिगामीहरुले केही समय पहिले राजनीतिक अस्थिरता मच्चाउन सकिन्छ कि भनेर प्रयास गरेको, तर त्यसलाई जनताले विफल पारेको उल्लेख गरे।

'प्रतिगामी शक्तिको रुपमा आएका कथित राजावादीको प्रयासलाई जनताले तिरस्कार गरिसके। उनीहरू अहिले छिन्नभिन्न अवस्थामा छन्' पौडेलले भने-'राजावादी कित्तामा लागेर व्यर्थमा जिन्दगीको समय नगुजार्न म आग्रह गर्दछु।'

प्रतिगामीहरूले गणतन्त्रवादीसँग जोरी खोज्नु भनेको 'कुइनोले पहरो ठेले जस्तो' मात्र भएको उनको भनाइ छ।

उप-प्रधानमन्त्री पौडेलले भविष्य नभएको दोस्रो शक्तिको रुपमा रास्वपालाई लक्षित गरे।

'यसपालि मनसुन अलि ढिला सुरु भयो। त्यही भएर अहिले खहरे खोलाहरू बढेका छन्। तर मनसुन सकिएपछि ति खहरेमा कमिला कुद्छन्,' पौडेलले भने-'राजनीतिमा पनि खहरे देखिएका छन्। तिनीहरूको आयु लामो छैन।'

उप-प्रधानमन्त्री पौडेलले विरोधको राजनीति गरेर, जनतामा भ्रम छरेर यस्ता खहरेहरूले जनतालाई अलमलमा पार्न खोजेको तर जनताले उनीहरूको नियत थाहा पाएको बताए।

'म युवाहरूलाई यस्तो खहरे राजनीतिको भेलमा नहेलिन आग्रह गर्दछु,' पौडेलले भने-'भूलभूलैयामा परेर जिन्दगीको महत्त्वपूर्ण समय कसैले पनि खेर नफाल्नुहोस्।'

पौडेलले अस्थिरता चाहने तेस्रो शक्तिको रुपमा माओवादीलाई लक्षित गरे।

'देशमा अस्थिरता चाहने अर्को एउटा शक्ति छ। त्यो सधैं सरकार ढाल्छु भन्छ। सरकारलाई नै निशाना बनाउँछ,' पौडेलले भने-'सरकार ढाल्ने प्रयास सफल नभएपछि अहिले सरकार हाम्रो प्राथमिकता होइन भन्छ। त्यसैले यो शक्तिको भ्रमबाट जनता मुक्त हुनु पर्दछ।'

# रात्रिकालिन सेवालाई थप प्रभावकारी बनाउँदै लुम्बिनी प्रादेशिक अस्पताल




बुटवल। लुम्बिनी प्रादेशिक अस्पताल बुटवलले रात्रिकालिन स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन अब रातको समयमा ड्यूटी अफिसरको व्यवस्था गर्ने भएको छ। जटिल प्रकारका उपचार सेवा तथा विशेषज्ञहरुसँग समन्वयका लागि डिट्यू अफिसर राख्ने व्यवस्था गरिएको हो।

साँझको ८ बजेदेखि बिहान ८ बजेसम्म प्रत्येक दिन फरक-फरक कर्मचारीहरुलाई ड्यूटी अफिसरको रुपमा खटाएर रात्रिकालिन सेवालाई प्रभावकारी बनाउन लागिएको अस्पतालका मेडिकल सुपेरिटेन्डेन डा. इन्द्र ढकालले जानकारी दिए। आगामी आइतबार अर्थात् भाद्र ८ गतेदेखि यो सेवा शुभारम्भ गर्नेगरी कार्यविधि तयार पारिएको हो।

उक्त कार्यविधिअनुसार अस्पतालको आकस्मिक कक्ष तथा मेडिकल वार्डमा भर्ना भएका बिरामीहरुको उपचार व्यवस्थापन, रेखदेखसम्बन्धी सहजीकरण, समन्वय तथा अनुगमनको काम ड्यूटी अफिसरले गर्नेछन्। प्रत्येक रातको उपचार सेवा र गतिविधिबारे सम्बन्धित ड्यूटी अफिसरले अस्पताल प्रशासनलाई जानकारी गराउनु पर्नेछ भने सोहीअनुसार सुधारका लागि आवश्यक कदम चालिने मेसु ढकालले जानकारी दिए।

लुम्बिनी प्रादेशिक अस्पतालले २४सैं घण्टा स्वास्थ्य सेवा उपलब्ध गराउँदै आए पनि रातको समयमा आवश्यक पर्ने जटिल खालका उपचार सेवा तथा आवश्यक परामर्शका लागि गरिएको यो व्यवस्था सम्भवतः सरकारी अस्पतालमै पहिलो अभ्यास भएको मेसु ढकालको दाबी छ। दैनिक करिब २ हजार सेवाग्राही उपचारका लागि आउने यस अस्पतालमा आकस्मिक कक्षमा रातको समयमा समेत भीड लाग्ने गर्दछ।

अस्पतालको पछिल्लो वर्षको तथ्याङ्कअनुसार ३ लाख ४८ हजार ९७१ जनाले ओपीडी सेवा लिएका छन् भने आकस्मिक कक्षमा मात्रै ७२ हजार २४४ जनाले सेवा लिएका छन्। सेवाग्राहीको चाप र आवश्यकतालाई मध्ययनजर गर्दै सुधारका अभियानहरु जारी रहेको मेसु ढकाल बताउँछन्।

अस्पतालले सुरु गर्न लागेको नयाँ कार्यक्रम अन्तरगत सेवाग्राहीले आफूलाई कुनै समस्या परेको अवस्थामा सिधैं ड्यूटी अफिसरलाई फोन गरेर सेवा लिन सक्नेछन्। जसका लागि अस्पतालको नम्बर ९८६७००४४२२ नम्बरमा सेवाग्राहीले रातको समयमा उपचारमा कुनै समस्या भएमा ड्यूटी अफिसरलाई जानकारी गराउन सक्नेछन्।

यो व्यवस्थाको सुरुवातले बिरामी र तिनका आफन्तहरुलाई सेवा लिन थप सहज हुने अपेक्षा गरिएको अस्पतालका वरिष्ठ प्रमुख प्रशासकीय राजन केसी बताउँछन्। सेवा विशिष्टिकृतमा समेत उत्कृष्ट सफलता हासिल गर्दै गएको यस अस्पतालले सेवाग्राहीको सहजताका लागि नयाँ-नयाँ कार्यक्रम र प्रयोगहरु गर्दै गएको उनले बताए।

स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउनका लागि नविनतम प्रविधिहरुको प्रयोग तथा सीमित अवस्थामा रहेका जनशक्तिबाट पनि अत्याधिक सेवा उपलब्ध गराउनेगरी अघि बढिएको अस्पताल विकास समितिका अध्यक्ष अजयमान श्रेष्ठले बताए। अस्पताल विकास समितिले आफूसँग प्राप्त स्रोत-साधनको उच्चतम प्रयोग गरी सेवाप्रवाहलाई प्रभावकारी बनाउने कुरामा प्रयासरत रहेको उनको भनाइ छ।

# विभिन्न दलका साढे दुई सय बढी रास्वपामा प्रवेश



प्यूठान। कांग्रेस क्षेत्रीय सभापति र जिविसका पूर्व सभापतिसहित २५६ जना विभिन्न दल छाडेर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रवेश गरेका छन्।

राष्ट्रिय जनमोर्चा, नयाँशक्ति हुँदै पछिल्लो समय नागरिक स्वतन्त्र मञ्च बनाएर बसेका जिल्ला विकास समिति (जिविस) का पूर्वसभापति कर्णध्वज केसी, नेपाली कांग्रेस क्षेत्र 'क' का उपसभापति रेशमबहादुर ठेडी, एमालेका दलबहादुर केसीलगायत कांग्रेस-एमाले-माओवादीसहितका दलका नेता तथा कार्यकर्ता रास्वपामा प्रवेश गरेको सो पार्टीका जिल्ला संयोजक विकास पोख्रेलले जानकारी दिए।

उनीहरूलाई पार्टी प्रवेश गराउँदै रास्वपा महामन्त्री कविन्द्र बुर्लाकोटी र प्रदेश अध्यक्ष देवराज पाठकले सदस्यता प्रदान गरेका थिए।

कार्यक्रममा महामन्त्री बुर्लाकोटीले रास्वपालाई सबै नेपालीको केन्द्रको रुपमा अगाडि बढाउने बताए। रास्वपा प्रदेश अध्यक्ष पाठकले प्यूठानमा पार्टी प्रवेशले देशव्यापी सन्देश दिएको उल्लेख गर्दै रास्वपाप्रति जनलहर फैलिँदै गएको दाबी गरे।

रास्वपाले प्यूठानका सबै नौ स्थानीय तहमा संगठन विस्तार भएको जनाएको छ। २०७९ सालको प्रदेश तथा संघीय निर्वाचनमा पार्टीले समानुपातिकतर्फ झण्डै ६ हजार मत ल्याएको थियो भने प्रतिनिधिसभातर्फ उम्मेदवार कृष्णप्रसाद पोख्रेलले ३ हजार ३१८ मत पाएका थिए।

# सामूहिक विकासका ज्ञवालीलाई सुपर सिइओ पुरस्कार




बुटवल। रुपन्देहीको सामूहिक विकास बचत तथा ऋण सहकारी संस्थाकाका प्रमुख कार्यकारी अधिकृत (सीइओ) देवराज ज्ञवालीले उत्कृष्ट व्यवस्थापक पुरस्कार पाएका छन्। नेपाल बचत तथा ऋण सहकारी केन्द्रीय संघ (नेफ्स्कुन) ले ३८औं स्थापना दिवसको अवसरमा ज्ञवालीलाई देशभरका सहकारीका व्यवस्थापकमध्येबाट उत्कृष्ट छनोट गर्दै पुरस्कृत गरेको हो। नेफ्स्कूनले हरेक वर्ष उत्कृष्ट व्यवस्थापक पुरस्कार प्रदान गर्दै आएको छ। काठमाडौंमा आयोजित कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले ज्ञवालीलाई पुरस्कृत गरेका थिए। पुरस्कारको राशी र १५ हजार रुपैयाँ रहेको छ। ज्ञवाली ५ वर्षदेखि संस्थाको सीइओ पदमा कार्यरत छन्।

उक्त सहकारीमा १२ हजार ३ सय ५० जना सदस्य आबद्ध छन् भने संस्थाको कुल पुँजी ३ अर्ब ५९ करोड रहेको छ। २०५० साल माघ १७ गते २६ जना शेयर सदस्य र कुल २ हजार ६ सय शेयर पुँजीबाट सुरु भएको यो सहकारीको शेयर पुँजी रु ३२ करोड २८ लाख, जगेडा कोष रु २७ करोड ४० लाख सहित अन्य कोषहरु १७ करोड ७६ लाख रहेको छ। संस्थाको कुल निक्षेप २ अर्व ७० करोड रहेको छ भने ऋण लगानी रु २ अर्व ५६ करोड रहेको छ। संस्थाको तरलता रु ८३ करोड रहेको छ।

यो संस्था विभिन्न निकायहरुले पटक पटक उत्कृष्ट संस्थाको रुपमा पुरस्कृत भएको छ। विसं २०६४ सालमा डिभिजन सहकारी कार्यालय रुपन्देहीबाट उत्कृष्ट संस्था, २०६७ सालमा राष्ट्रिय सहकारी बैंकबाट पश्चिमाञ्चल क्षेत्रमा उत्कृष्ट सहकारी, २०७० सालमा राष्ट्रिय सहकारी महासंघबाट नेपालमै उत्कृष्ट सहकारी व्यावसाय पुरस्कार, २०७३ सालमा राष्ट्रिय सहकारी बैंकबाट लुम्बिनी प्रदेशको उत्कृष्ट सहकारी संस्था, २०७६ सालमा राष्ट्रिय सहकारी महासंघबाट लुम्बिनी प्रदेशको उत्कृष्ट सहकारी, २०७६ सालमा नै नेफ्स्कुनबाट लुम्बिनी प्रदेशको उत्कृष्ट बचत तथा ऋण सहकारी र २०८१ सालमा राष्ट्रिय सहकारी बैंकबाट नेपालकै उत्कृष्ट सहकारीको रुपमा पुरस्कृत भइसकेको छ। सामूहिक विकास साकोसमा २०७७ सालमा सिइओ बनेका ज्ञवाली सो भन्दा अगाडि संस्थाको लेखा सुपरीवेक्षण समिति हुँदै सञ्चालक समिति सदस्यको जिम्मेवारीमा थियो। यस्तै नेफ्स्कून सर्वोत्कृष्ट सहकारी पुरस्कार २०८२ बाट काभ्रेपलाञ्चोकको बुडोल सामुदायिक बचत तथा ऋण सहकारीले पाएको छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com